# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, असोज ०१ गते, २०७६ साल (अतिरिक्ताङ्क ३७


## भाग १

## प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. २७

## प्रदेश नं. ५, सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**<u>प्रस्तावनाः</u>** सूचना तथा संचार प्रविधिका क्षेत्रमा विकास भएका नवीनतम प्रविधिलाई प्रदेशको हित अनुकूल प्रयोग गरी प्रदेशलाई सूचना तथा संचार प्रविधिका क्षेत्रमा सवल र सक्षम बनाउन तथा यस क्षेत्रमा सक्षम जनशक्तिको विकास गर्न एक सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>-** (१) यस ऐनको नाम "सूचना तथा संचार प्रविधि प्रतिष्ठान ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. **<u>परिभाषाः</u>-** बिषय वा प्रसंगले अन्यथा अर्थ नलागेमा यस ऐनमा,-

(क) "**अध्यक्ष**" भन्नाले परिषद्को अध्यक्ष सम्झनुपर्छ ।

(ख) "**सह-अध्यक्ष**" भन्नाले परिषद्को सह अध्यक्ष सम्झनु पर्छ ।

(ग) "**कार्यकारी निर्देशक**" भन्नाले प्रतिष्ठानको कार्यकारी प्रमुख भई काम गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) "**तोकिएको वा तोकिए बमोजिम**" भन्नाले यस ऐन बमोजिम बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "**प्रतिष्ठान**" भन्नाले दफा ३ बमोजिम स्थापना भएको सूचना तथा संचार प्रविधि प्रतिष्ठान सम्झनु पर्छ ।

(च) "**परिषद्**" भन्नाले दफा ६ बमोजिम गठित परिषद् सम्झनु पर्छ ।

(छ) "**सूचना तथा संचार प्रबिधि**" भन्नाले विद्युतीय प्रणालीको माध्यमद्वारा सूचना श्रृजना गर्ने, उत्पादन गर्ने, संकलन गर्ने, सम्प्रेषण गर्ने, प्रशोधन गर्ने वा प्रसारण गर्ने काम सम्झनु पर्छ ।

३. **<u>प्रतिष्ठानको स्थापनाः-</u>** (१) प्रदेशको सूचना तथा संचार प्रविधिको विकास तथा विस्तारका लागि एक सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना गरिनेछ ।

(२) प्रतिष्ठानको कार्यालय प्रदेश राजधानी रहेको स्थानमा रहनेछ।

४. **<u>प्रतिष्ठान संगठित संस्था हुनेः-</u>** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको काम कारवाहीका लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले सम्पत्तिको व्यवस्थापन गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालीस उजुर लाग्न सक्नेछ ।

५. **<u>प्रतिष्ठानको उद्देश्यः-</u>** प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) प्रदेशमा सूचना तथा संचार प्रविधिको पहुँच बढाउने र विस्तार गर्ने,

(ख) सूचना तथा संचार प्रविधिको क्षेत्रमा रोजगारी सिर्जना गरी ज्ञानमा आधारित समाज निर्माण गर्ने,

(ग) सूचना तथा संचार प्रविधि सम्बन्धी उद्योगको स्थापना र विकास मार्फत प्रदेशको समृद्धिमा योगदान पुऱ्याउने,

(घ) प्रदेश सरकारको काम कारवाहीलाई विद्युतीय सुशासनका माध्यमबाट छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउने,

(ङ) सरकारी, सामुदायिक र निजी क्षेत्रका व्यवसायी र नागरिक बीचको कारोबार र सम्बन्धलाई विद्युतीय प्रविधि मार्फत भरपर्दो र प्रभावकारी बनाउने ।

६. **<u>परिषद्को गठनः-</u>** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा देहायबमोजिमको पदाधिकारी र सदस्य रहेको एक परिषद् रहनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सह-अध्यक्ष

(ग) प्रमुख सचिव - सदस्य

(घ) प्रदेश योजना आयोग सदस्य (सूचना प्रविधि हेर्ने) - सदस्य

(ङ) सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - सदस्य

(च) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(छ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ज) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(झ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(ञ) सचिव, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(ट) सचिव, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(ठ) सूचना तथा संचार प्रविधिसम्वन्धी निजी क्षेत्रका एक महिला सहित विषय विज्ञ २ जना - सदस्य

(ड) प्रतिष्ठानको कार्यकारी निर्देशक - सदस्य सचिव

(२) दफा ६ को उपदफा १ को खण्ड (ठ) बमोजिमका सदस्यहरूको नियुक्ति प्रदेश सरकारले गर्नेछ ।

(३) दफा ६ को उपदफा (१) को खण्ड (ठ) बमोजिम नियुक्त सदस्यको पदावधि चार वर्षको हुनेछ र निजहरूको पुनः नियुक्ति हुन सक्नेछ ।

७. **परिषद्को काम, कर्तव्य र अधिकारः-** परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) सूचना तथा संचार प्रविधि सम्बन्धी गुरुयोजना तर्जुमा गर्न, पुनरावलोकन गर्न, परिमार्जन तथा कार्यान्वयन गर्न प्रदेश सरकारलाई आवश्यक सिफारिस गर्ने,

(ख) सूचना तथा संचार प्रविधिसम्बन्धी नीति तथा कार्यक्रम तयार गर्न र सोको कार्यान्वयनका लागि प्रदेश सरकारलाई सहयोग गर्ने,

(ग) प्रदेश सरकारका सूचना प्रविधि सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धमा आवश्यक निर्देशन दिने तथा अनुगमन गर्ने, गराउने,

(घ) सूचना तथा संचार प्रविधि सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गराउने,

(ङ) स्थानीय तहसम्म सूचना तथा संचार प्रविधि पुऱ्याउन आवश्यक कार्य गर्ने,

(च) सूचना तथा संचार प्रविधिको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थासंग समन्वय गर्ने,

(छ) सूचना तथा संचार प्रविधिमा लगानी प्रवर्द्धन गर्न आवश्यक नीतिगत व्यवस्थाका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ज) सूचना तथा संचार क्षेत्रमा अध्ययन अनुसन्धानका लागि भौतिक पूर्वाधार सहितका शिक्षण संस्था स्थापना गर्ने, गराउने सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिने,

(झ) प्रदेशमा इनोभेसन सेन्टर, टेक्नोलोजी पार्क, डाटा सेन्टर आदि स्थापना र व्यवस्थापन गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने ।

(ञ) प्रतिष्ठानको व्यवस्थापन तथा कार्यकारी समिति र कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिने ।

८. **परिषद्को बैठक र निर्णयः-** (१) परिषद्को बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ । तर, एउटा बैठक र अर्को बैठक बस्ने अवधि चार महिनाभन्दा बढी हुनेछैन ।

(२) बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता सह-अध्यक्षले गर्नेछ ।

(३) बैठकको गणपूरक संख्या परिषद्को कूल सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।

(४) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ तर, मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(५) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(६) बैठकको अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **कार्यकारी समितिः-** प्रतिष्ठानको नियमित प्रशासनिक काम, कारवाही र व्यवस्थापन सम्बन्धमा काम गर्न देहाय बमोजिमको कार्यकारी समिति रहनेछः-

(क) प्रतिष्ठानको कार्यकारी निर्देशक - संयोजक

(ख) उप-सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय -सदस्य

(ग) उप-सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) उप-सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) प्रतिष्ठानको प्रशासन शाखा प्रमुख - सदस्य सचिव

१०. **<u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः</u>-** कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतिष्ठानको दैनिक प्रशासन संचालनसम्बन्धी कार्यविधि निर्धारण गर्ने,

(ख) परिषद्का निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था तथा सरोकारवालासँग समन्वय गर्ने, गराउने,

(घ) प्रतिष्ठानका लागि आवश्यक पर्ने कर्मचारीको दरबन्दी निर्धारण गरी स्वीकृतीका लागि प्रदेश सरकार समक्ष पेश गर्ने,

(ङ) प्रदेश सरकारका सूचना तथा संचार प्रविधिको क्षेत्रका योजना तर्जुमा र कार्यान्वयन गर्न समन्वय गर्ने,

(च) प्रदेश सरकारका सूचना तथा संचार प्रविधिसँग सम्बन्धित नीति नियम निर्माणमा सहयोग गर्ने,

(छ) सूचना तथा संचार प्रविधिसँग सम्बन्धित तोकिएका अन्य काम गर्ने।

११. **<u>कार्यकारी निर्देशकः</u>-** (१) प्रतिष्ठानको प्रमुख प्रशासकीय पदाधिकारीको रूपमा प्रदेश सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ । निजको पदावधि ५ वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ ।

(२) देहायको योग्यता पुगेको नेपाली नागरिक कार्यकारी निर्देशकको पदमा नियुक्त हुनसक्नेछः

(क) व्यवस्थापन वा सूचना प्रविधि सम्बन्धी विषयमा स्नातकोत्तर गरी सूचना प्रविधिको क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य गरेको अनुभव भएको,

(ख) ३५ बर्ष उमेर पूरा भएको,

(ग) उच्च नैतिक चरित्र भएको,

(घ) मानसिक अपाङ्गताको कारण काम गर्न असक्षम नभएको,

(ङ) नैतिक पतन हुने फौज्दारी अभियोगमा अदालतबाट दोषि प्रमाणित नभएको,

(च) साहुको दामासहीमा नपरेको ।

(३) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछ।

(क) निजले दिएको राजीनामा प्रदेश सरकारबाट स्वीकृत भएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) पदीय दायित्व बहन गर्न नसकेको भनी प्रदेश सरकारले बर्खास्त गरेमा,

(घ) निजको कार्यकाल समाप्त भएमा ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकलाई बर्खास्त गर्नु अघि निजलाई सुनुवाईको उचित मौका दिइनेछ ।

१२. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः-** प्रतिष्ठानका कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतिष्ठानको प्रशासनिक प्रमुखको रुपमा रही दैनिक कार्य संचालन गर्ने।

(ख) प्रतिष्ठानको प्रशासकीय काम, कारबाहीलाई व्यवस्थित गर्ने, गराउने ।

(ग) अध्यक्ष वा सह-अध्यक्षको निर्देशनमा परिषद्को बैठक बोलाउने र संचालन गर्ने ।

(घ) परिषद्को सदस्य सचिवको हैसियतमा परिषद्ले तोकेको अन्य कार्य गर्ने ।

(ङ) कार्यकारी समितिको बैठक बोलाउने र बैठकको निर्णय सम्पादन गर्ने गराउने ।

(च) परिषद्का निर्णय तथा निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने ।

(छ) प्रतिष्ठानका उद्देश्यहरू हासिल गर्न आवश्यक नीति, योजना तथा कार्यक्रमहरू मस्यौदा गर्ने र परिषद्को स्वीकृति पछि सोको कार्यान्वयन गर्ने, गराउने ।

१३. **प्रतिष्ठानको कर्मचारी सम्बन्धी व्यवस्थाः-** (१) प्रतिष्ठानले आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको आवश्यक दरबन्दी स्वीकृतिका लागि प्रदेश सरकारमा सिफारिस गर्न सक्नेछ ।

(२) प्रतिष्ठानलाई आवश्यक पर्ने प्रशासनिक कर्मचारी प्रदेश सरकारले व्यवस्था गर्नेछ ।

(३) प्रतिष्ठानले प्रदेश सरकारको स्वीकृत पद र संख्यामा आवश्यकता अनुसार सूचना प्रविधिसंग सम्बन्धित प्राविधिक कर्मचारीहरूको नियुक्ति गर्न तथा विशेषज्ञहरुको सेवा लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमका विशेषज्ञहरुको सेवा लिँदा प्रतिष्ठानले नियम अनुसारको पारिश्रमिक सुविधा र भत्ताको व्यवस्था गर्नेछ।

१४. **प्रतिष्ठानको कोषः-** (१) प्रतिष्ठानको एक छुटै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमको रकम रहनेछः

(क) प्रदेश सरकारवाट प्राप्त रकम,

(ख) कुनै अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) कुनै स्थानीय तहबाट प्राप्त रकम,

(घ) कुनै संघ संस्था वा निजी क्षेत्रबाट प्राप्त रकम र,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) प्रतिष्ठानलाई प्राप्त सबै रकम प्रतिष्ठानको नाममा कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको कोषको संचालन प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

१५. **पारिश्रमिक र सुविधा**:- (१) कार्यकारी निर्देशकको पारिश्रमिक सेवा सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) परिषद् तथा कार्यकारी समितिका पदाधिकारी र सदस्यले प्रचलित कानून बमोजिमको बैठकभत्ता पाउने छन् ।

१६. **लेखा र लेखापरिक्षणः-** (१) प्रतिष्ठानले आफ्नो आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

(२) प्रतिष्ठानको लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

१७. **प्रतिवेदन पेश गर्नुपर्नेः-** प्रतिष्ठानले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र आफ्नो बार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

१८. **प्रदेश सरकारले निर्देशन दिन सक्ने**:- प्रदेश सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१९. **नियम बनाउन सक्नेः-** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

२०. **विनियम बनाउन सक्ने**:- (१) यस ऐन र अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी प्रतिष्ठानले आवश्यक बिनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बिनियम प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२१. **आचारसंहिता बनाई लागू गर्नसक्नेः-** प्रतिष्ठानले पदाधिकारी र कर्मचारीहरूको काम कारवाहीका सम्बन्धमा आवश्यक आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

२२. **अधिकार प्रत्यायोजनः-** यस ऐनको कार्यान्वयनका लागि प्रतिष्ठानले अध्यक्ष, सह-अध्यक्ष, कार्यकारी निर्देशक वा प्रतिष्ठानको कुनै कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **प्रदेश सरकारसँग सम्पर्क राख्नेः-** प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

२४. **शपथ ग्रहणः-** दफा (६) को उपदफा (१) को खण्ड (ठ) र (ड) बमोजिम नियुक्त पदाधिकारी तथा कार्यकारी निर्देशकले आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष अनुसूचीमा तोकिए बमोजिमको सपथ लिनुपर्नेछ ।

२५. **सहयोग गर्नुपर्नेः-** प्रदेश सरकार अन्तर्गतका सरकारी निकायले प्रतिष्ठानलाई आवश्यक सहयोग गर्नुपर्नेछ ।

अनुसूची

(दफा २४ सँग सम्बन्धित)

**शपथ**

म...................ईश्वर/जनताको नाममा सत्यनिष्ठापूर्वक के प्रतिज्ञा गर्दछु भने सूचना तथा संचार प्रविधि प्रतिष्ठानको................. ............पदको कामकाज प्रचलित कानूनको अधिनमा रहि कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रहको भावना नराखी ईमानन्दारीका साथ गर्नेछु । आफ्नो पदीय हैसियतबाट प्राप्त कर्तव्यको पालना गर्ने सिलसिलामा आफुलाई जानकारी हुन आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा समेत प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमवाट पनि प्रकट गर्ने छैन ।

मितिः

नामः

दस्तखतः

प्रमाणीकरण मितिः २०७६/०६/०१

**आज्ञाले,**

**शंकरप्रसाद खरेल**

**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय